apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र




● वर्षः १२ ● अंकः १४८ ● पृष्ठः ४ ● ०१ असार २०८३ सोमबार (15 June 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## नेपालमा नसर्ने रोगको जोखिम बढ्दो, कुल मृत्युको ७१ प्रतिशत यिनै रोगबाट

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ३१ गते**



नेपालमा नसर्ने रोग (नन-कम्युनिकेबल डिजिज) का कारण हुने मृत्युको संख्या निरन्तर बढ्दै गएको भन्दै स्वास्थ्यकर्मीहरूले स्वस्थ जीवनशैली, सन्तुलित आहार र नियमित स्वास्थ्य परीक्षणलाई जीवनशैलीको अभिन्न अंग बनाउन आग्रह गरेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश सरकारद्वारा सिरहाको गोलबजारमा आयोजित 'नसर्ने रोगको पहिचान, रोकथाम तथा नियन्त्रणसम्बन्धी सञ्चार कार्यक्रम' मा बोल्दै स्वास्थ्यकर्मीहरूले मुटुरोग, उच्च रक्तचाप, रक्तनलीसम्बन्धी समस्या, श्वासप्रश्वास रोग, क्यान्सर, मधुमेह तथा मिर्गौला रोगजस्ता नसर्ने रोगहरू अहिले नेपालको प्रमुख स्वास्थ्य चुनौतीका रूपमा देखापरेको बताएका हुन्।

कार्यक्रमका सहजकर्ता लक्ष्मी चौधरीका अनुसार नेपालमा हुने कुल मृत्युको करिब ७१ प्रतिशत हिस्सा नसर्ने रोगकै कारण हुने गरेको छ। उनले पछिल्ला वर्षहरूमा यस्ता रोगहरू 'साइलेन्ट किलर' अर्थात् लक्षण नदेखाई ज्यान लिने घातक समस्याका रूपमा विस्तार भइरहेको बताए।

"अस्वस्थकर खानपान, शारीरिक श्रमको कमी, अनियन्त्रित मदिरा सेवन, सुर्तिजन्य पदार्थको प्रयोग तथा बदलिँदो शहरी जीवनशैलीका कारण नसर्ने रोगको जोखिम तीव्र गतिमा बढिरहेको छ," उनले भने।

स्वास्थ्यकर्मीहरूका अनुसार चुरोट, खैनी, गुट्खा, पानमसला, मदिराको दुरुपयोग, अत्यधिक नुन, चिनी र चिल्लोयुक्त खाना सेवन, प्रशोधित तथा प्याकेटबन्द खाद्य पदार्थ, चाउचाउ, चिप्स, कुरकुरे लगायतका 'जंक फुड' को बढ्दो प्रयोगले नसर्ने रोगको जोखिम थप बढाएको छ।

कार्यक्रमका अर्का सहजकर्ता तथा गोलबजार नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सरोज कर्णले नसर्ने रोगबाट बच्न दैनिक जीवनशैलीमा सुधार ल्याउनुपर्नेमा जोड दिए। उनका अनुसार हरियो सागसब्जी, फलफूल, ताजा तरकारी, दूध, दही, माछा तथा पौष्टिक खाद्यवस्तुको नियमित सेवन, पर्याप्त शारीरिक गतिविधि र दैनिक व्यायामले यस्ता रोगको जोखिम उल्लेखनीय रूपमा घटाउन सक्छ।

"रोग लागेपछि उपचार खोज्नुभन्दा रोग लाग्नै नदिने उपायमा ध्यान दिनु आवश्यक छ," उनले भने, "नियमित रूपमा रक्तचाप, रगतमा चिनीको मात्रा, मिर्गौलाको कार्यक्षमता तथा तौल-उचाइको अनुपात परीक्षण गरेर स्वास्थ्य अवस्थाबारे जानकारी राख्नुपर्छ।"

उनले नसर्ने रोग नियन्त्रण स्वास्थ्य क्षेत्रको मात्र जिम्मेवारी नभएको उल्लेख गर्दै शिक्षा, कृषि, स्थानीय सरकार, सञ्चार क्षेत्र तथा समुदायको साझा प्रयास आवश्यक रहेको बताए। विद्यालय तहदेखि नै स्वास्थ्य

बाँकी पृष्ठ ३

## तराईका जिल्लामा प्रयोगविहीन २८० ओभरहेड ट्यांकी सञ्चालनमा ल्याउन १६ गुणाले बढाइयो बजेट

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ३१ गते**



तराई मधेशमा अधुरा योजना कार्यान्वयन गर्न सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को लागि ह्वात्तै बजेट बढाएको छ।

२८० ओभरहेड ट्यांकी निर्माण भए पनि प्रयोगविहीन हुँदै आएकाले अब सञ्चालनमा ल्याउने तयारीस्वरुप साढे २ अर्ब बजेट छुट्याइएको हो।

विभिन्न प्राविधिक कारण, पाइपलाइन विस्तारमा अवरोध, तथा जनसहभागिता जुट्न नसक्दा विगत लामो समयदेखि उक्त ट्यांकी अलपत्र परेका थिए। अब यसलाई पूरा गरेर स्थानीय तहमा हस्तान्तरण गर्ने र तराई-मधेशका नागरिकहरूलाई सुरक्षित खानेपानी सेवा पुऱ्याउने उद्देश्यले यो बजेट छुट्याइएको पूर्वाधार विकास मन्त्रालयले जानकारी दिएको छ।

चालू आर्थिक वर्ष २०८२/८३ मा यी योजना पूरा गर्न १५ करोड रुपैयाँ मात्र बजेट दिइएको थियो। आगामी आवलाई दिइएको बजेट चालू आवमा विनियोजितभन्दा १६ गुणा बढी हो।

यसका साथै यी योजनाहरुको लागत अनुमान तयारी, सुपरभिजन र डीपीआरलगायतका अध्ययन कार्यहरुका लागि थप ८८ लाख २० हजार रुपैयाँ विनियोजिन गरिएको छ।

आगामी आवको बजेट संसदमा पेस गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भनेका थिए, 'तराई मधेशमा सुख्खायाममा हुने खानेपानीको चरम अभावलाई दिगो रुपमा समाधान गर्न समुदायस्तरमा डिप बोरिङसहितको खानेपानी प्रणालीको विकास गर्नेछौं। आर्सेनिकमुक्त तराई अभियान सञ्चालन गर्नेछौं। तराई मधेशमा

बाँकी पृष्ठ ४

## रास्वपा मधेशमा आन्तरिक लडाइँ

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ३१ गते**



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को धनुषा जिल्ला अधिवेशन स्थगित भएको छ।

जेठ २६ गते जनकपुरस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा अधिवेशन आयोजना गरिएको थियो। तर अधिवेशन सुरु भएलगत्तै धेरै नेता-कार्यकर्ता मञ्चमा उक्लिएपछि कार्यक्रम बिथोलिएको थियो।

रास्वपाले धनुषा जिल्ला सभापति लक्ष्मेश्वर यादवलाई निलम्बन गरेको छ। जिल्ला सभापति नै निलम्बनमा परेपछि पार्टीभित्रको आन्तरिक विवाद थप चर्किएको हो। लक्ष्मेश्वर पुनः जिल्ला सभापतिमा दोहोरिने दौडमा थिए।

पार्टी अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालले २६ जेठमा जारी गरेको पत्रमा यादवले पार्टीको विधान, आचारसंहिता, निर्वाचन कार्यविधि तथा पदीय जिम्मेवारीअनुसार कार्यसम्पादन गर्न नसकेको उल्लेख छ। साथै, उनीमाथि थप अनुसन्धानका लागि प्रमाण संकलन गर्नुपर्ने देखिएको पनि भनिएको छ।

धनुषा जिल्ला सभापतिका लागि अम्बुप्रसाद साह र सरोजकुमार पूर्वेले पनि दाबी गर्दै आएका छन्। आन्तरिक विवादकै कारण २२ जेठमा एक समूहले धनुषा पार्टी कार्यालयमा तालाबन्दीसमेत गरेको थियो।

बाँकी पृष्ठ ४

## मधेश सरकारको बजेट घट्ने, मन्त्रालय संख्या घटाउने घोषणा कार्यान्वयन भएन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ३१ गते**




मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ल्याउने बजेटको आकार गत आर्थिक वर्षको तुलनामा घट्ने भएको छ।

आर्थिक स्रोतमा आएको संकुचन, संघीय सरकारबाट प्राप्त हुने अनुदानमा कमी तथा राजस्व संकलन अपेक्षाअनुसार हुन नसकेका कारण बजेटको आकार घटाउन लागिएको प्रदेश सरकारको अर्थ मन्त्रालयले जनाएको छ।

मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयका अर्थ उपसचिव तथा प्रवक्ता जयकुमार राउतले बजेटको पुर्वसन्ध्यामा अपन दैनिकसँग कुरा गर्दै असार १ गते प्रदेश सभामा प्रस्तुत गरिने बजेटको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए। उनका अनुसार बजेट निर्माणको प्राविधिक तथा नीतिगत तयारी पूरा भइसकेको छ भने प्रदेशको आवश्यकता र उपलब्ध स्रोतलाई आधार बनाएर बजेट तर्जुमा गरिएको छ।

प्रवक्ता राउतले यस वर्षको बजेटमा कृषि, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिइएको बताए। प्रदेशको अर्थतन्त्रलाई चलायमान

बाँकी पृष्ठ ३

## लेखापढी व्यवसायीलाई तोकिएको पोशाक र परिचयपत्र अनिवार्य




सिरहा जिल्ला अदालत
सिरहा
सूचना। सूचना। सूचना।

उपर्युक्त सम्बन्धमा लेखापढी व्यवसायीहरुलाई मर्यादित बनाउनका लागी लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ मा नेपाल कानून व्यवसायी परिषद्बाट मिति २०८३।१।१९ मा भएको संशोधन अनुरुप पुरुष लेखापढी व्यवसायीको लागी वैजनी रंगको कोट वा स्टकोट, पाइन्ट र निलो वैजनी रंगको सर्ट तथा महिला लेखापढी व्यवसायीको लागी वैजनी रंगको कोट, पाइन्ट र निलो वैजनी रंगको सर्ट वा सोही रंगको कुर्था सुरुवाल लगाउनु पर्ने भनी व्यवस्था भए बमोजिम मिति २०८३।३।१ गते देखि अदालत प्रवेश गर्दा माथी उल्लेख भए बमोजिमको लेखापढी व्यवसायीको लागी तोकिएको पोशाक लगाउनु हुन सम्बन्धित सबैका लागि जानकारी गराईन्छ। पोशाक नलगाएको अवस्थामा अदालत प्रवेशमा रोक लगाइने व्यहोरा जानकारीका लागी अनुरोध छ। साथै, लेखापढी व्यवसायीले आफ्नो परिचय-पत्र लगाउन समेत जानकारी गराईन्छ।

मितिः-२०८३।०२।२० गते

भैपराज भट्टराई
(स्रेस्तेदार/उप-सचिव)

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ३१ गते**

सिरहा जिल्ला अदालतले लेखापढी व्यवसायीहरूलाई अदालत प्रवेश गर्दा नेपाल कानून व्यवसायी परिषद्बाट तोकिएको पोशाक तथा परिचयपत्र अनिवार्य रूपमा लगाउन निर्देशन दिएको छ।

सिरहा जिल्ला अदालतद्वारा जारी सूचना अनुसार लेखापढी व्यवसायी सम्बन्धी नियमावली,

बाँकी पृष्ठ ३






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# परीक्षार्थीको मोबाइल नष्ट गर्नुको सट्टा किताब हेरेर जाँच दिन लगाऔँ

लिलाराज भट्टराई



सिरहामा माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा १२ को परीक्षाका क्रममा जफत गरिएका करोड भन्दा बढी मूल्यका चार सय ९६ थान मोबाइल र पाँचवटा स्मार्ट वाच प्रशासनले पानीमा डुबाएर नष्ट गरेको घटनाले देशभर असहज तर आवश्यक बहस जन्माएको छ।

प्रश्न, विद्यार्थीले परीक्षा केन्द्रमा मोबाइल किन लगे भन्ने होइन। प्रश्न के हो भने हाम्रो परीक्षा प्रणालीले विद्यार्थीलाई यस्तो बाटो रोज्न बाध्य किन बनायो ? हाम्रो शिक्षा प्रणालीले विद्यार्थीलाई चिन्तन उन्मुख, प्रयोग गर्न प्रेरित गर्नुको सट्टा कण्ठ गर्ने किन बनाउँदै छ ?

त्यसैले सिरहाको घटना अनुशासनको विषय मात्रै होइन, यो हाम्रो मूल्याङ्कन प्रणालीमाथिकै प्रश्न हो। यसर्थ सिरहा प्रकरणलाई नयाँ परीक्षा प्रणालीतर्फ अघि बढ्ने प्रस्थानबिन्दुका रूपमा लिइनुपर्छ।

सिरहाको घटना एउटा लक्षण हो, रोग होइन। रोग त हाम्रो परीक्षा प्रणालीमा देखियो। जब प्रश्नपत्रहरू अझै पनि परिभाषा, बुँदागत उत्तर, पाठका अनुच्छेद र 'याद भए लेख, नभए सकियो' भन्ने ढाँचामा बनेका हुन्छन्, तब विद्यार्थीको ध्यान ज्ञानको अर्थमा होइन, उत्तरको स्रोतमा मात्रै केन्द्रित हुन पुग्छ।

पहिले चिट हुन्थ्यो, अहिले मोबाइल भयो; भोलि एआई-सक्षम उपकरण हुन सक्छ। तर आधारभूत समस्या उही रहन्छ। यदि परीक्षाको डिजाइन कमजोर छ भने प्रविधि सधैं नक्कलको साधन बन्छ, सिकाइको होइन।

मोबाइल डुबाएर नष्ट गरिनु प्रशासनिक कठोरताको एउटा दृश्य हो। परीक्षा हलमा हल्लिनै नदिनु, मोबाइल खोस्नु र नष्ट गर्नुले समाधान दिँदैन। उपकरण नष्ट गरेर सूचना-युगको चुनौती रोकिन्न। बरु यसले देखाएको कुरा के हो भने, २१औँ शताब्दीमा पनि हामी २०औँ शताब्दीको परीक्षा मानसिकताबाट बाहिर निस्कन सकेका छैनौँ।

यस्तो अवस्थामा स्मरणशक्तिमा आधारित परीक्षा पद्धति पुनर्विचारको विषय मात्र होइन, सुधारको तात्कालिक एजेन्डा बन्नुपर्छ। अब ओपन बुक एक्जाम अर्थात् खुला किताबी परीक्षातर्फ नेपालले पाइला चाल्नैपर्छ। शिक्षालाई व्यावहारिक र वैज्ञानिक बनाउन तथा परीक्षालाई मर्यादित बनाउन खुला किताबी परीक्षा अवलम्बन गरिनु आवश्यक देखिन्छ।

**खुला किताबी परीक्षा भनेको के हो ?**

खुला किताबी परीक्षा भनेको किताब हेरेरै परीक्षा दिन सकिने मूल्याङ्कन प्रणाली हो। विद्यार्थीलाई परीक्षा हलमा निश्चित प्रकारका सन्दर्भ सामग्री जस्तैः पाठ्यपुस्तक, आफ्ना नोट, सूत्र पुस्तिका, कानुनी संहिता, केस सामग्री वा अन्य स्वीकृत स्रोत प्रयोग गर्न अनुमति दिइन्छ। अर्थात् किताब र अन्य सन्दर्भ सामग्री तथा कतिपय अवस्थामा डिजिटल डिभाइससमेत प्रयोग गरेर उत्तर लेख्न पाउने परीक्षा प्रणाली हो।

यसको अर्थ किताब खोलेर उत्तर सार्ने छुट विद्यार्थीलाई हुन्छ भन्ने होइन। यसको मूल दर्शन ज्ञान कण्ठ गर्ने होइन, बुझ्ने र प्रयोग गर्ने सीपसँग सम्बन्धित छ।

परम्परागत बन्द पुस्तक परीक्षा प्रणालीमा विद्यार्थीले 'के सम्झियो ?' भन्ने हेरिन्छ। ओपन बुक परीक्षामा उसले 'के बुझ्यो, कसरी प्रयोग गऱ्यो र किन त्यो निष्कर्षमा पुग्यो ?' भनी हेरिन्छ। पुस्तक साथमा भए पनि परीक्षाको समयसीमा तोकिएकै हुन्छ। प्रश्न जटिल हुन्छन् र सीधा नक्कल गरेर लेख्न सकिँदैन। विद्यार्थीले स्रोतबाट तथ्य खोजेर त्यसको अर्थ निर्माण गर्नुपर्छ।

यसै कारणले खुला किताबी परीक्षा सजिलो नभई धेरै अवस्थामा अझ चुनौतीपूर्ण मानिन्छ। किनकि यसमा स्मरणशक्ति मात्र काफी हुँदैन; अवधारणागत स्पष्टता, विश्लेषण, तर्कशक्ति, उदाहरण चयन, समय व्यवस्थापन र लेखन कौशल पनि अनिवार्य हुन्छ।

खुला किताबी परीक्षा प्रणालीमा प्रश्न नै यस्ता हुन्छन् कि किताब हेरेर पनि अवधारणा नबुझी उत्तर दिन सकिँदैन। यदि विद्यार्थीलाई स्थानीय सन्दर्भ, तुलना, विश्लेषण, केस-स्टडी र तर्क दिन लगाइयो भने मोबाइल लुकाएर लैजानुको औचित्य आफैँ घट्छ। पुस्तक खुला भएको ठाउँमा चिटको मूल्य घट्छ; सोच खुला भएको ठाउँमा नक्कलको अर्थ न्यून हुन्छ।

यसर्थमा सिरहाको मोबाइल काण्डलाई केवल अनुशासन उल्लङ्घनको घटना मानेर टुंग्याउनु दूरदर्शी हुने छैन। यसलाई परीक्षा प्रणाली सुधारको प्रस्थानबिन्दु बनाउनुपर्छ। प्रशासनले जफत गरिएका सामग्री नष्ट गऱ्यो; अब राज्यले पुरानो सोच नष्ट गर्ने साहस देखाउनुपर्छ।

**किन आवश्यक छ ओपन बुक परीक्षा ?**

नेपालको विद्यालय तथा विश्वविद्यालय तहको ठूलो समस्या घोकन्ते शिक्षा हो। विद्यार्थी पाठको सार नबुझी सम्भावित प्रश्नको उत्तर घोक्छ, केही दिनमै बिर्सिन्छ। यस्तो शिक्षाले प्रमाणपत्र दिन सक्छ, क्षमता बढाउन सक्दैन।

खुला किताबी परीक्षाको सबैभन्दा ठूलो योगदान यही हो कि यसले सिकाइको केन्द्रलाई स्मरणबाट बुझाइतिर सार्छ। विद्यार्थीलाई थाहा हुनुपर्छ कि कुन अवधारणा कहाँ छ, किन महत्त्वपूर्ण छ, कस्तो अवस्थामा प्रयोग हुन्छ, र आफ्नो निष्कर्षलाई कसरी प्रमाणित गर्ने ? यसले दीर्घकालीन सिकाइलाई बल पुऱ्याउँछ।

दोस्रो, यसले विद्यार्थीमा आलोचनात्मक सोच विकास गर्छ। प्रश्न सामान्यतया 'परिभाषित गर' प्रकारका हुँदैनन् बरु दुई दृष्टिकोण तुलना गर, यो अवस्थाको समाधान प्रस्ताव गर, उदाहरणका आधारमा आलोचनात्मक समीक्षा गर, दिइएको डाटा विश्लेषण गर जस्ता हुन्छन्। यस्ता प्रश्नले पाठ्यपुस्तक मात्र होइन, विद्यार्थीको बौद्धिक सक्रियता माग्छ।

तेस्रो, यसले परीक्षाको भय घटाउँछ। नेपालमा परीक्षा अझै पनि सिकाइको उत्सवभन्दा बढी दण्डजस्तो अनुभव गरिन्छ। सबै कुरा कण्ठ गर्नुपर्छ भन्ने दबाबले विद्यार्थीमा चिन्ता, तनाव र असफलताको डर बढाउँछ। खुला किताबी परीक्षा प्रणालीले सबै कुरा याद हुनैपर्छ भन्ने मानसिक बोझ हलुका बनाउँछ। यसको अर्थ लापरवाही बढाउनु होइन, बरु तयारीको ढाँचा बदल्नु हो।

चौथो, यसले शिक्षालाई वास्तविक जीवनसँग जोड्छ। कार्यक्षेत्रमा कसैले पनि चिकित्सक, वकिल, इन्जिनियर, प्रशासक, पत्रकार वा अनुसन्धानकर्तालाई 'सबै कुरा कण्ठ गरेर' निर्णय गर्न आग्रह गर्दैन। उनीहरू सन्दर्भ हेर्छन्, डेटा पढ्छन्, कानुन पल्टाउँछन्, रिपोर्ट विश्लेषण गर्छन् र विशेषज्ञ राय लिन्छन्। यदि वास्तविक संसार ओपन रिसोर्समा चल्छ भने परीक्षा मात्रै बन्द किताबमा किन अडिग रहने ? त्यसो त नेपालमा उच्चस्तरीय शिक्षा आयोगले खुला किताबी परीक्षा गर्न सुझाव पनि दिइसकेको छ।

**विश्वमा ओपन बुक परीक्षाको अभ्यास**

विश्वका धेरै देशमा खुला किताबी परीक्षा नयाँ अवधारणा होइन। विशेष गरी उच्च शिक्षा, व्यावसायिक शिक्षा र कानुन, चिकित्सा, व्यवस्थापन, इन्जिनियरिङ जस्ता क्षेत्रहरूमा यसको प्रयोग लामो समयदेखि हुँदै आएको छ।

अमेरिकाका अनेक विश्वविद्यालयमा पाठ्यक्रमको प्रकृतिअनुसार 'ओपन बुक', 'ओपन नोट' र 'टेक-होम' मूल्याङ्कन प्रयोग गरिन्छ। त्यहाँको जोड तथ्य सम्झनामा भन्दा अवधारणा प्रयोग, केस विश्लेषण र तर्क निर्माणमा बढ्दै गएको छ। त्यस्तै बेलायतका विश्वविद्यालयहरूले विशेष गरी निबन्धात्मक, कानुनी, सामाजिक विज्ञान र अनुसन्धानमुखी विषयहरूमा खुला स्रोतमा आधारित मूल्याङ्कन अपनाएका छन्।

अस्ट्रेलिया र क्यानडाका धेरै संस्थाले विद्यार्थीको उच्चस्तरीय सोच जाँच्न ओपन बुक वा ओपन रिसोर्स मूल्याङ्कनलाई वैकल्पिक होइन, प्रभावकारी उपकरणका रूपमा लिएका छन्।

भारतमा राष्ट्रिय शिक्षा नीति २०२० ले घोकन्ते सिकाइ घटाएर अवधारणात्मक र दक्षतामूलक शिक्षामा जोड दिएको छ। त्यसअनुसार केन्द्रीय माध्यमिक शिक्षा बोर्डले ओपन बुक परीक्षासम्बन्धी पाइलट अभ्यास अघि बढाएको छ, विशेष गरी माध्यमिक तहको कक्षा ९ का केही विषयमा नयाँ प्रकारका प्रश्न परीक्षण गर्ने गरी यो प्रणाली अपनाउँदै छ। भारतमा यो

बाँकी पृष्ठ ३ ▶▶

## सम्पादकीय...

## सार्वजनिक सम्पत्तिको संरक्षण गर

सिरहा जिल्लाको कल्याणपुर नगरपालिका-१०, बंगठिया बजारस्थित चन्द्रीदेवी आधारभूत विद्यालयको नाममा रहेको भनिएको जग्गामा निर्माण कार्यको विषय फेरि चर्चामा आएको छ। सिरहा जिल्ला अदालतले उक्त जग्गामा कुनै पनि नयाँ संरचना निर्माण नगर्न र यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेपछि पनि निर्माण कार्य जारी रहेको आरोप सार्वजनिक हुनु गम्भीर चिन्ताको विषय हो। यो विवाद विद्यालयको जग्गासँग मात्र सम्बन्धित छैन, बरु कानूनी शासन, न्यायिक आदेशको सम्मान र सार्वजनिक सम्पत्तिको संरक्षणसँग प्रत्यक्ष जोडिएको विषय बनेको छ। विद्यालय, अस्पताल, सडक, खेलमैदान तथा अन्य सार्वजनिक प्रयोजनका लागि छुट्याइएका जग्गा कुनै व्यक्ति वा समूहको निजी स्वार्थ पूरा गर्ने साधन बन्नु हुँदैन। यस्ता सम्पत्ति भावी पुस्ताको हितका लागि सुरक्षित गरिएका हुन्छन्। अदालतले प्रारम्भिक सुनुवाइमै निर्माण कार्य रोक्न आवश्यक देखेको र यसअघि सोही जग्गा सम्बन्धी मुद्दामा सार्वजनिक जग्गा खिचोला भएको निष्कर्षसमेत उल्लेख गरेको अवस्था छ।

यस्तो अवस्थामा अदालतको आदेशलाई बेवास्ता गर्दै निर्माण कार्य अघि बढेको हो भने त्यो केवल कानूनी उल्लंघन मात्र होइन, राज्यको न्याय प्रणालीप्रतिको खुला चुनौती पनि हो।

नेपालको संविधानले अदालतका आदेश पालना गर्नु सबै नागरिक र निकायको दायित्व मानेको छ। यदि अदालतको अन्तरिम आदेशपछि पनि निर्माण कार्य जारी रहन्छ भने त्यसले न्यायालयको गरिमामाथि प्रश्न उठाउँछ। अझ स्थानीय प्रशासन र सम्बन्धित निकायले आदेश कार्यान्वयन गराउन नसक्ने हो भने कानूनी शासनको प्रभावकारितामाथि नै शंका उत्पन्न हुन्छ। अदालतको आदेश कागजमा मात्र सीमित हुने र व्यवहारमा उल्लंघन भइरहने अवस्था लोकतान्त्रिक शासन व्यवस्थाका लागि शुभ संकेत होइन। यस विषयमा सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, प्रहरी प्रशासन र शिक्षा क्षेत्रका सरोकारवालाले तत्काल चासो दिन आवश्यक छ। अदालतको आदेशको पूर्ण कार्यान्वयन सुनिश्चित गर्नुपर्छ। यदि आदेश उल्लंघन भएको प्रमाणित हुन्छ भने कानूनी कारबाहीमार्फत गलत अभ्यासलाई निरुत्साहित गर्नुपर्छ। साथै, जग्गाको वास्तविक स्वामित्व र उपयोगबारे निष्पक्ष तथा पारदर्शी ढंगले अन्तिम टुंगो लगाउन पनि आवश्यक छ।

सार्वजनिक सम्पत्तिको संरक्षण कुनै एक व्यक्ति वा संस्थाको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो। विद्यालयको नाममा रहेको जग्गा अतिक्रमण वा व्यावसायिक स्वार्थको शिकार बन्ने हो भने त्यसको असर अन्ततः शिक्षा र भावी पुस्तामाथि पर्छ। त्यसैले अदालतको आदेशको सम्मान, सार्वजनिक सम्पत्तिको सुरक्षा र कानूनी शासनको प्रत्याभूति आजको प्रमुख आवश्यकता हो। बंगठियाको यो विवादले राज्यका निकायहरूलाई कानुनको प्रभावकारी कार्यान्वयन र सार्वजनिक सम्पत्तिको संरक्षणमा कति जिम्मेवार छन् भन्ने परीक्षा लिइरहेको छ।

## आजको राशिफल

**मेष :** पारिवारिक सम्बन्धमा आत्मीयता र समन्वय थप सुदृढ हुँदै जाने संकेत देखिन्छ।

**बृष :** आत्मविश्वास र निर्णय क्षमतामा वृद्धि भई कार्यसम्पादनमा सकारात्मक ऊर्जा प्रवाह हुनेछ।

**मिथुन :** शारीरिक थकान वा सामान्य अस्वस्थताले दैनिक क्रियाकलापमा प्रभाव पार्न सक्छ।

**कर्कट :** आर्थिक पक्ष सुदृढ हुँदै जानेछ भने आम्दानीका स्रोत विस्तार हुने संकेत छन्।

**सिंह :** आर्थिक लाभका अवसरहरू प्राप्त भई वित्तीय स्थिति मजबुत बन्ने संकेत देखिन्छ।

**कन्या :** सामाजिक तथा धार्मिक क्रियाकलापमा सक्रिय सहभागिता रहनेछ, जसबाट प्रतिष्ठा र सन्तुष्टि दुवै प्राप्त हुनेछन्।

**तुला :** खर्चमा वृद्धि र मानसिक अशान्ति अनुभव हुन सक्ने अवस्था देखिन्छ।

**वृश्चिक :** दाम्पत्य तथा प्रेम सम्बन्धमा समझदारी र सौहार्दता वृद्धि हुनेछ।

**धनु :** ऊर्जा, उत्साह र जोशमा वृद्धि भई कार्यक्षमतामा सकारात्मक प्रभाव पर्नेछ।

**मकर :** मनोरञ्जनात्मक यात्रा वा रमाइलो भ्रमणको अवसर प्राप्त हुनसक्छ, जसले मानसिक ताजगी प्रदान गर्नेछ।

**कुम्भ :** अनावश्यक खर्च र विवादको सम्भावना बढ्न सक्ने भएकाले संयमता आवश्यक हुनेछ।

**मीन :** पारिवारिक सहयोग र समर्थन प्राप्त भई आत्मबल उच्च रहनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# रातो खोला बाढी प्रभावित ७३ परिवारलाई घर हस्तान्तरण

अपन दैनिक संवाददाता
महोत्तरी, जेठ ३१ गते

जिल्लाको भङ्गहा नगरपालिकामा बाढीबाट प्रभावित भएका ७३ परिवारलाई आइतबार घर हस्तान्तरण गरिएको छ।

गत असोज १९ र २० गते जिल्लाको रातो खोलामा आएको बाढीका कारण घरवारविहीन भएका भङ्गहा नगरपालिकाका दलित, गरीब र अतिविपन्न ७३ परिवारलाई नयाँ घर निर्माण गररी आइतबार हस्तान्तरण गरिएको हो।



गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा साझेदार संस्था दलित समाज उत्थान समिति नेपालले नगरभित्र सञ्चालन गरेको एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत यहाँका बाढी पीडित परिवारलाई निर्माण सामग्री सहयोग गरी घर बनाएर आइतबार सम्बन्धित व्यक्तिलाई हस्तान्तण गरेको हो।

भङ्गहा-४ स्थित थारुटोलमा आइतबार आयोजित एक कार्यक्रममा नगरप्रमुख सञ्जीवकुमार साहलाई गुड नेवर्स इन्टरनेशनलका प्रतिनिधि टुपेन्द्र खुलाल र दलित समाज उत्थान समितिका प्रतिनिधि रामभजन महतोले संयुक्त रूपमा घरको प्रमाणपत्र हस्तान्तरण गरे।

सहयोगी संस्थाले भङ्गहा-१ मा एक, वडा नं २ मा तीन, वडा नं ३ मा आठ, वडा नं ४ मा १२, वडा नं ५ मा आठ, वडा नं ६ मा १२, वडा नं ७ मा आठ, वडा नं ८ मा पाँच र वडा नं ९ मा १६ वटा घर निर्माण गरेका छन्।

एक करोड एक लाख ७१ हजार ५७४ खर्च गरेर निर्माण गरिएका ७३ वटा घरबाट ३७५ जना प्रत्यक्ष लाभान्वित भएका एकीकृत सामुदायिक विकास परियोजनाले जनाएको छ।

घर हस्तान्तरण कार्यक्रममा नगरप्रमुख साहले पालिकाभित्रका दलित, गरिब र अतिविपन्न बाढी पीडित ७३ परिवारलाई घर बनाउन सहयोग गर्ने सहयोगी संस्थाहरूप्रति आभार व्यक्त गरे।

उनले पालिकाभित्र यी संस्थाहरूले शिक्षा, स्वास्थ्य, सरसफाइ, बालअधिकार, बालविवाहमुक्त अभियान, आयआर्जनलगायत क्षेत्रमा पुऱ्याएको सहयोगको प्रशंसा गरे। उनले नगरको समग्र विकासका लागि आगामी दिनमा निरन्तर सहयोगका लागि आग्रह गरे।

## लेखापढी व्यवसायीलाई तोकिएको ............

२०५१ मा नेपाल कानून व्यवसायी परिषद्ले गरेको संशोधन बमोजिम पुरुष लेखापढी व्यवसायीले बैजनी रङ्को कोट वा स्टकोट, पाइन्ट र निलो-बैजनी रङको सर्ट तथा महिला लेखापढी व्यवसायीले बैजनी रङको कोट, पाइन्ट र निलो-बैजनी रङको सर्ट वा सोही रङको कुर्था-सुरुवाल लगाउनुपर्ने व्यवस्था गरिएको छ।

अदालतले उक्त व्यवस्था २०८३ साउन १ गतेदेखि लागू हुने जनाएको छ। सो मितिदेखि अदालत प्रवेश गर्दा तोकिएको पोशाक नलगाउने लेखापढी व्यवसायीलाई प्रवेशमा रोक लगाइने चेतावनी दिइएको छ।

साथै, सबै लेखापढी व्यवसायीलाई आफ्नो परिचयपत्र अनिवार्य रूपमा लगाउन पनि अदालतले आग्रह गरेको छ।

सिरहा जिल्ला अदालतका स्रेस्तेदार तथा उपसचिव भेषराज भट्टराईद्वारा जारी सूचनामा अदालत परिसरलाई व्यवस्थित, मर्यादित र पहिचानयोग्य बनाउन यो व्यवस्था कार्यान्वयनमा ल्याइएको उल्लेख गरिएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४

## मधेश सरकारको बजेट घट्ने, मन्त्रालय .............

बनाउने, उत्पादन र रोजगारी वृद्धि गर्ने तथा आधारभूत सेवाको पहुँच विस्तार गर्ने उद्देश्यका साथ ती क्षेत्रलाई केन्द्रमा राखेर कार्यक्रम तथा बजेट विनियोजन गरिएको उनले जानकारी दिए।

बजेटको आकार गत वर्षभन्दा केही घट्ने देखिएको छ। तर सीमित स्रोतका बाबजुद पनि उत्पादनमूलक तथा जनजीवनसँग प्रत्यक्ष जोडिएका क्षेत्रलाई प्राथमिकतामा राख्ने प्रयास गरेका छौं, प्रवक्ता राउतले भने।

यता मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले सत्ता सम्हालेपछि मन्त्रालयको संख्या घटाएर प्रशासनिक खर्च नियन्त्रण गर्ने प्रतिबद्धता जनाएको थियो। जसको लागि गठबन्धनको १५ बुँदे सहमति समेत गरिएको थियो। सो निर्णय भने कार्यान्वयन गरिएको छैन। सरकारले पुरानै मन्त्रालयको संख्या कायम राखेर बजेट निर्माण गरेको छ।

अर्थ मन्त्रालयका प्रवक्ता राउतका अनुसार आगामी बजेट हाल कायम रहेको संरचनाअनुसार नै ल्याइनेछ। 'हामीले अहिले ११ वटा मन्त्रालय र १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई आधार मानेर बजेट निर्माण गरेका छौं,उनले भने।

हाल मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा सरकारी संरचना मन्त्रालयस्तरमा सञ्चालनमा छन्। मन्त्रालय संख्या घटाउने विषयमा राजनीतिक सहमति नजुट्दा सरकारले पूर्वघोषित योजना कार्यान्वयन गर्न नसकेको देखिएको छ।

त्यस्तै प्रदेश सरकारअन्तर्गत करिब १५० वटा कार्यालय सञ्चालनमा रहेका छन्। ती कार्यालयको प्रशासनिक खर्च, कर्मचारी व्यवस्थापन तथा विकास कार्यक्रमका लागि बजेट विनियोजन गरिनुपर्ने भएकाले पनि प्रदेश सरकारमाथि आर्थिक दबाब बढ्दै गएको छ।

गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ बराबरको बजेट ल्याएको थियो। आगामी आर्थिक वर्षको बजेट भने उक्त आकारभन्दा कम हुने संकेत प्रदेश सरकारका अधिकारीहरूले दिएका छन्। यद्यपि बजेटको अन्तिम आकार असार १ गते प्रदेश सभामा प्रस्तुत भएपछि मात्र सार्वजनिक हुनेछ।

## नेपालमा नसर्ने रोगको जोखिम बढ्दो ............

शिक्षा प्रवर्द्धन, विषादीरहित कृषि उत्पादन र स्वस्थ खानपान संस्कृतिको विकास गर्न सके नसर्ने रोगको जोखिम न्यूनीकरण गर्न सकिने उनको भनाइ थियो।




कार्यक्रममा स्वास्थ्य कार्यालय सिरहाका प्रमुख युगलकिशोर यादव, गोलबजार नगरपालिका-४ का वडा अध्यक्ष सकलदेव यादव, गोलबजार नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सरोज कर्ण, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा समाजसेवीहरूको सहभागिता रहेको थियो।

स्वास्थ्य विज्ञहरूले नसर्ने रोगको बढ्दो जोखिमलाई समयमै नियन्त्रण गर्न नसके भविष्यमा स्वास्थ्य प्रणालीमाथि थप दबाब सिर्जना हुने चेतावनी दिँदै जनचेतना अभिवृद्धि, नियमित स्वास्थ्य परीक्षण र स्वस्थ जीवनशैली अपनाउन सबैलाई आग्रह गरेका छन्।

## परीक्षार्थीको मोबाइल नष्ट गर्नुको सट्टा .............

चरणबद्ध अभ्यासको अवस्थामा छ।

यसबाट नेपालले सिक्ने कुरा यो शिक्षाको बदलिँदो यथार्थ हो। तर यसको कार्यान्वयन सफलताका लागि हतारो होइन, सावधानीपूर्वक चरणबद्ध कार्यान्वयन आवश्यक हुन्छ।

**खुला किताबी परीक्षामा कस्ता प्रश्न ?**

खुला किताबी परीक्षा सफल वा असफल हुने मूल ठाउँ भनेको प्रश्नपत्र डिजाइन हो। यदि पुरानै प्रश्न खुला किताबसहित सोधियो भने त्यसले केवल किताबबाट खोजी-खोजी सार्ने संस्कार बढाउँछ। त्यसैले यस प्रणालीमा सामान्यतया कुनै वास्तविक वा काल्पनिक घटना दिएर त्यसको विश्लेषण गर्न लगाइन्छ। दिइएको समस्याको चरणबद्ध समाधान, विकल्प र औचित्य मागिन्छ।

दुई सिद्धान्त, नीति, पद्धति वा दृष्टिकोणको तुलना गरेर निष्कर्ष निकाल्न लगाइन्छ। पढेको अवधारणालाई नयाँ सन्दर्भमा प्रयोग गर्न भनिन्छ। कुनै तर्क, नीति, लेख, निर्णय वा तथ्यांकको बलियो र कमजोर पक्ष विश्लेषण गर्नुपर्छ। तालिका, नक्सा, ग्राफ, उद्धरण वा दस्तावेजको अर्थ निकाल्न लगाइन्छ। एउटै सही उत्तर नभई तर्क, प्रमाण र संरचनामा आधारित उत्तर लेख्नुपर्छ।

उदाहरणका लागि, सामाजिक शिक्षामा 'संघीयता परिभाषित गर' भन्दा 'नेपालको संघीय संरचनाले सेवा प्रवाहमा ल्याएको परिवर्तनलाई एउटा स्थानीय तहको उदाहरणसहित मूल्याङ्कन गर' भन्ने प्रश्न बढी उपयुक्त हुन सक्छ।

**नेपालमा लागू गर्दा के-कस्ता चुनौती छन् ?**

खुला किताबी परीक्षा राम्रो अवधारणा भए पनि नेपालमा यसको कार्यान्वयनको पाटोमा निकै मेहनत गर्नुपर्ने देखिन्छ। सबैभन्दा ठूलो चुनौती प्रश्नपत्र निर्माण क्षमता हो। शिक्षकलाई प्रश्न निर्माणमा दक्ष बनाउन व्यापक प्रशिक्षण चाहिन्छ।

दोस्रो चुनौती पढाउने शैली नबदली परीक्षा मात्र बदल्दा अपेक्षित नतिजा आउँदैन। यदि कक्षाकोठामा अझै पनि 'यति नम्बरमा उत्तर यसरी लेख्ने' अभ्यास मात्र भयो भने खुला किताबी परीक्षा नामको मात्रै हुन्छ, परिणाम दिँदैन।

तेस्रो चुनौती समानता हो। नेपालका सबै विद्यालयको स्रोत अवस्था समान छैन। निजी र सहरी विद्यालयमा उपलब्ध सामग्री, पुस्तकालय, डिजिटल पहुँच र शिक्षक सहयोगको स्तर ग्रामीण तथा सामुदायिक विद्यालयमा प्रायः कमजोर छ। खुला किताबी परीक्षा लागू गर्दा सामग्रीको पहुँचमा असमानता भए त्यसले नयाँ विभेद सिर्जना गर्न सक्छ।

चौथो, परीक्षा व्यवस्थापन र अनुगमनको चुनौती छ। कुन सामग्री अनुमति दिने, मोबाइल वा इन्टरनेटको भूमिका के हुने, नोटको सीमा के हुने, परीक्षा कक्षको नियमन कसरी गर्ने, मूल्याङ्कन मापदण्ड कसरी एकरूप बनाउने- यी सबैमा स्पष्ट नीति चाहिन्छ।

पाँचौं, मानसिकता परिवर्तन कठिन छ। अभिभावक, शिक्षक, प्रशासक र कतिपय नीति-निर्माताले अझै 'किताब हेरेर दिएको परीक्षा के परीक्षा भयो र ?' भनी शङ्का गर्छन्। सिधै पास भएको प्रमाणपत्र दिए भयो नि भन्न सक्छन्। यो शङ्का स्वाभाविक भए पनि तथ्यले के देखाउँछ भने, खराब डिजाइनको खुला किताबी परीक्षा कमजोर हुन्छ। राम्रो डिजाइनको खुला किताबी परीक्षा धेरै बलियो हुन सक्छ।

**नीति निर्माताका लागि स्पष्ट मार्गचित्र**

नेपालले यदि खुला किताबी परीक्षातर्फ अघि बढ्ने हो भने हतारमा सम्पूर्ण प्रणाली उल्ट्याउनु हुँदैन। तर बहसमै सीमित रहनु पनि अब पर्याप्त हुने छैन। केही ठोस कदम तुरुन्त लिन सकिन्छ। पहिलो, पाइलट कार्यक्रम सुरु गरिनुपर्छ। कक्षा र विषय छनोट गरेर सीमित दायरामा परीक्षण गर्नुपर्छ। दोस्रो, राष्ट्रिय प्रश्नपत्र रूपरेखा तयार गरिनुपर्छ, जसले उच्चस्तरीय सोच, विश्लेषण, अनुप्रयोग र तर्कमा आधारित नमुना प्रश्नहरू विकास गरोस्।

तेस्रो, शिक्षक तालिमलाई केन्द्रमा राख्नुपर्छ। यो सुधारको मेरुदण्ड शिक्षक नै हुन्। चौथो, मूल्याङ्कन निर्देशिका स्पष्ट बनाइनुपर्छ। उत्तर जाँच्दा शब्द सङ्ख्या होइन, तर्क, संरचना, सान्दर्भिकता र प्रमाणलाई महत्त्व दिनुपर्छ।

पाँचौं, डिजिटल नीति छुट्टै हुनुपर्छ। ओपन बुक भनेको स्वतः अनियन्त्रित इन्टरनेट होइन। प्रारम्भिक चरणमा 'रिस्ट्रिक्टेड ओपन बुक' मोडेल- पाठ्यपुस्तक, आफ्ना नोट, स्वीकृत सामग्री- बढी व्यावहारिक हुन सक्छ। छैटौं, सार्वजनिक संवाद आवश्यक छ।

**निष्कर्ष**

सिरहामा पानीमा डुबाइएका चार सय ९६ मोबाइल र पाँच स्मार्ट वाच केवल उपकरण मात्र होइनन्, ती हाम्रो परीक्षा प्रणालीका अन्तर्विरोधका प्रतीक हुन्। तिनलाई नष्ट गरेर हामीले लक्षणमाथि कारबाही गर्‍यौं, कारणमाथि होइन। यदि नेपालले यस घटनाबाट गम्भीर पाठ सिक्ने हो भने अब बहस अनुशासनभन्दा अगाडि बढेर मूल्याङ्कन दर्शनसम्म पुग्नुपर्छ।

आजको विद्यार्थी ज्ञान सम्झेर मात्र सफल हुँदैन। उसले ज्ञान छान्न, बुझ्न, जाँच्न, जोड्न र जिम्मेवार रूपमा प्रयोग गर्न जान्नुपर्छ। त्यही सीप २१औं शताब्दीको नागरिक, श्रमिक, अनुसन्धानकर्ता र नेतृत्वकर्ताका लागि अनिवार्य छ। त्यसैले खुला किताबी परीक्षा समयको माग हो।

नेपालले यदि शिक्षा प्रणालीलाई प्रमाणपत्र उत्पादन गर्ने कारखानाबाट सोच्ने, प्रश्न गर्ने, प्रमाण खोज्ने र समाधान प्रस्ताव गर्ने नागरिक निर्माण गर्ने दिशामा लैजान चाहन्छ भने परीक्षा प्रणाली बदल्नैपर्छ। सिरहाको घटना त्यसका लागि चेतावनी पनि हो, अवसर पनि। अब निर्णय नीति निर्माताको हातमा छ, उनीहरू मोबाइल डुबाएर सन्तुष्ट हुन्छन् कि घोकन्ते शिक्षालाई इतिहासमा डुबाएर नयाँ युगको ढोका खोल्छन्।




बिजुलीको सुरक्षित प्रयोग गरौं।

❍ भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
❍ बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
❍ पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
❍ ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
❍ आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
❍ जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
❍ रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

# दुई मन्त्रीलाई अँगालो हालेर बालेनले लेखे- देश बनाउने टोली

✍ अपन दैनिक संवाददाता
सिरहा, जेठ ३१ गते

प्रधानमन्त्री बालेन शाहले मुलुक निर्माणको सङ्कल्पसहित आफ्नो टोलीको तस्बिर सार्वजनिक गरेका छन् । आइतबार साँझ सामाजिक सञ्जाल फेसबुकमार्फत उनले गृहमन्त्री सुधन गुरुङ र भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालसँगको तस्बिर सेयर गरेका हुन् ।



तस्बिरमा कालो पहिरनमा देखिएका प्रधानमन्त्री शाहले दुई मन्त्रीलाई बीचमा बसेर अँगालो हालेका छन् । उनले उक्त पोस्टको क्याप्सनमा 'देश बनाउने टोली' लेखेका छन् ।

तस्बिरमा प्रधानमन्त्रीको दाहिनेतर्फ भौतिक पूर्वाधार मन्त्री सुनिल लम्साल र देब्रेतर्फ भर्खरै पुनर्बहाली भएका गृहमन्त्री सुधन गुरुङ रहेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट सरकारमा सहभागी यी दुवै मन्त्रीलाई प्रधानमन्त्री बालेन शाहनिकट मानिन्छ ।

## रास्वपा मधेशमा आन्तरिक .............

धनुषा पार्टीका केन्द्रीय प्रवक्ता एवं सांसद मनीष झाको गृह जिल्ला पनि हो ।

रास्वपा मधेश प्रदेश नीति तथा विचार विभाग प्रमुख सुन्देश्वर यादव धनुषामा पनि केन्द्र हाबी हुँदा विवाद सिर्जना भएको बताउँछन् । केन्द्रले नेतृत्वमा अम्बुप्रसादलाई चाहेको छ ।

'विवादको सिर्जना माथिबाटै भएको हो । चुनाव गरेर जो जित्छ उसैलाई सभापति बनाउने हो । कसैले गुटबन्दी गर्नुभएन,' उनले भने ।

**बारामा पनि उस्तै विवाद**

बारामा पनि विवादका कारण जिल्ला अधिवेशन स्थगित गरिएको छ ।

केन्द्रीय निर्वाचन आयोगले जेठ २५ गते सूचना जारी गर्दै अधिवेशन स्थगित गरेको हो । जेठ २६ गते निजगढस्थित शुभकार्य बैंक्वेटमा बिहान ९ बजेका लागि अधिवेशन बोलाइएको थियो ।

जिल्ला समितिका पूर्व संयोजक चन्दन स्वर्णकारलाई निलम्बन गरी सदस्यता समेत खारेज गरिएपछि बारामा विवाद भएको थियो । जेठ ९ गतेको विस्तारित बैठकमा चन्दन पक्षधर नेता-कार्यकर्ताले विरोध जनाएका थिए । त्यतिबेला जिल्लाका चारजना प्रतिनिधि सभा सदस्यलाई सुरक्षाकर्मीले बाहिर निकालेको थियो ।

**सात जिल्लामा अधिवेशन स्थगित**

धनुषा र बारा मात्रै होइन, मधेश प्रदेशका सात जिल्लामा रास्वपाले जिल्ला नेतृत्व चयन गर्न सकेको छैन । पर्सा बाहेक सबै जिल्लाको अधिवेशन स्थगित भएको छ ।

रास्वपा पर्साको सभापतिमा बुद्धिप्रसाद पन्त (हरि) पुनः निर्वाचित भएका छन् । उनी पर्सा क्षेत्र नम्बर १ बाट निर्वाचित सांसदसमेत हुन् ।

पर्सा जिल्ला सभापतिका लागि पर्सा-२ का सांसद सुशील साह कानुले उम्मेदवारी दिएका थिए । हरिले १६६ मत प्राप्त गर्दा सुशीलले ११८ मत पाएका थिए । तीन सय ३६ प्रतिनिधिमध्ये २८५ जनाले मतदान गरेका थिए ।

सुशीललाई पर्सा-३ का सांसद रामाकान्त चौरसिया र पर्सा-४ का सांसद टेकबहादुर शाक्यको समर्थन थियो । चुनावको पूर्वसन्ध्यामा प्रतिनिधि छनोटको विषयलाई लिएर वीरगञ्जमा नेता-कार्यकर्ताबीच कुटाकुटसमेत भएको थियो ।

केन्द्रीय प्रतिनिधि शंकर श्रेष्ठ, निर्वाचन समिति संयोजक नन्दन यादव र चारवटै क्षेत्रका सांसद बसेर विवाद समाधान गरेपछि मात्रै अधिवेशन सञ्चालनको बाटो खुलेको थियो ।

सभापति हरिका अनुसार असन्तुष्ट पक्षसँग संवादमार्फत समस्या समाधान गरेपछि अधिवेशन सम्भव भएको हो । 'पार्टीमा असन्तुष्टि हुन्छन्, समस्याहरू आउँछन् । तर वार्ता र संवादमार्फत समाधान गर्नुपर्छ,' उनले भने, 'उहाँहरूले जे माग राख्नुभयो, हामीले त्यही मानिदियौं ।'

रास्वपा पर्सा स्रोतका अनुसार असन्तुष्ट पक्षले आफ्नो तर्फबाट २८ जनाको नाम जिल्ला प्रतिनिधिमा थप गर्न लगाएका थिए ।

**केन्द्रीय अधिवेशनपछि प्रदेश अधिवेशन**

रास्वपाले जेठ २८ गतेका लागि तय गरेको मधेश प्रदेश अधिवेशन पनि स्थगित गरेको छ ।

रास्वपा केन्द्रीय निर्वाचन आयोग प्रमुख भुवन केसीले जेठ २६ गते जारी गरेको सूचनामा मधेश प्रदेश अधिवेशन निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत रूपमा सञ्चालन सुनिश्चित गर्न स्थगन गरिएको उल्लेख छ ।

सूचनामा प्रतिनिधि छनोट, निर्वाचन कार्यक्रम, उम्मेदवारी प्रक्रिया, प्रचारप्रसार, बैठक, भेला तथा अधिवेशनसँग सम्बन्धित सम्पूर्ण गतिविधि स्थगित गर्न भनिएको छ । अधिवेशन पुनः सञ्चालन हुने मिति, समय र संशोधित कार्यतालिकाबारे पछि जानकारी गराइने जनाइएको छ ।

रास्वपा मधेश प्रदेश तदर्थ समिति सभापति तपेश्वर यादव असार ९ गते हुने केन्द्रीय अधिवेशनपछि विवाद समाधान गरेर प्रदेश अधिवेशन गर्ने तयारी भइरहेको बताउँछन् ।

'अधिवेशन गर्ने समय निकै कम पायौं । नेतृत्वका आकांक्षीहरूबीच सहमति जुट्न सकेन, निर्वाचन गराउन समय लाग्छ,' उनले भने, 'सबै जिल्ला समिति र प्रदेश समितिमा पार्टीलाई राम्रो बनाउन सक्षम नेतृत्व आउनुपर्छ भन्ने हाम्रो चाहना हो ।'

केन्द्रीय अधिवेशनपछि विवादरहित ढंगले बाँकी जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गर्ने दाबी उनको छ ।

**एमाले, कांग्रेस प्यानल देखियो**

वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसका राजनीतिशास्त्र उपप्राध्यापक विनय मिश्र मधेशमा रास्वपा पार्टीहरूको महासंघ जस्तै बनेको बताउँछन् ।

'पहिलाका कांग्रेसी, एमाले, माओवादी र मधेशवादी नेताहरू चुनावको मुखमा रास्वपा गएका छन् । उनीहरू आफ्नो वर्चस्व कायम गर्न खोजिरहेका छन्,' उनले भने, 'त्यसैले रास्वपाको अधिवेशनमा कतै कांग्रेस प्यानल, कतै एमाले प्यानल, कतै मधेशवादी दलको प्यानल देखिन्छ । कतिपय ठाउँमा पुराना दुई वा तीन दलका नेता-कार्यकर्ता मिलेर पनि प्यानल बनाएको देखिन्छ ।'

राजनीतिक विश्लेषक नित्यानन्द मण्डल पनि रास्वपाको अधिवेशनमा देखिएको कलहले प्रदेश र पालिका निर्वाचनमा असर पार्ने बताउँछन् ।

'आपसमै लड्ने, संघर्ष गर्ने प्रवृत्तिका बीच मधेशमा रास्वपाको संगठन निर्माण भइरहेको छ । नयाँ राजनीतिक पार्टी भएकाले राजनीतिक दर्शन पढेर-बुझेर आएका, सबैले मान्ने 'आइडल' व्यक्तित्व नेतृत्वमा देखिँदैन,' उनले भने, 'पार्टी र राज्य सञ्चालनमा देखिएको बेथिति, सहज रूपमा सेवा प्रवाह हुन नसक्नुजस्ता कारणले जनता पुराना दलबाट निराश भई रास्वपातर्फ आएका हुन् । तर पुराना दलमा देखिएको रोग यसमा पनि सरेको छ ।'

उनका अनुसार अहिलेको कलह आगामी प्रदेश र पालिका निर्वाचनमा उम्मेदवारको टिकट वितरणसँग समेत जोडिन सक्छ । चुनावका बेला जस्तोसुकै व्यक्तिलाई पार्टीमा भित्र्याएको परिणाम अहिले रास्वपाले भोगिरहेको उनको तर्क छ ।

## तराईका जिल्लामा प्रयोगविहीन २८० ओभरहेड ...........

अधुरा रहेका २८० वटा खानेपानी आयोजना सम्पन्न गर्न २ अर्ब ५० करोड विनियोजन गरेको छ ।'

यसअनुसार पाँचवटा खानेपानी तथा ढल व्यवस्थापन कार्यालयमार्फत कार्यक्रम कार्यान्वयन हुनेछ । चालू आवमा पाँच कार्यालयलाई समान तीन करोड गरी १५ करोड रुपैयाँ विनियोजन भएको थियो ।

आगामी आवका लागि धेरै बजेट खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरले पाएको छ । यस कार्यालयले धनुषा, सिरहा, सप्तरी र महोत्तरीका योजना सम्पन्न गर्न ८० करोड रुपैयाँ बजेट पाएको छ । यी योजनाहरुको लागत अनुमान तयारी, सुपरभिजन र डीपीआर लगायतका अध्ययन कार्यहरुका लागि थप २९ लाख ४० हजार रुपैयाँ विनियोजन भएको छ ।

यस्तै, खानेपानी तथा ढल व्यवस्थापन कार्यालय वीरगन्जले ७० करोड रुपैयाँ बजेट पाएको छ । यस कार्यालयअन्तर्गत पर्सा, बारा, रौतहट र सर्लाही जिल्ला छन् ।

२१ लाख रुपैयाँ यी योजनाहरुको लागत अनुमान तयारी, सुपरभिजन र डीपीआरलगायतका अध्ययन कार्यहरुमा विनियोजन गरिएको छ । सोही शीर्षकमा खानेपानी तथा ढल व्यवस्थापन कार्यालय विराटनगरले ५० करोड रुपैयाँ पाएको छ । यस कार्यालयअन्तर्गत मोरङ, उदयपुर, झापा र सुनसरी जिल्ला रहेका छन् भने यसको अध्ययन गर्न १६ लाख ८० हजार रुपैयाँ विनियोजन भएको छ ।

यस्तै खानेपानी तथा ढल व्यवस्थापन कार्यालय बुटवलले ३० करोड रुपैयाँ बजेट पाएको छ । यस कार्यालयले रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा योजना कार्यान्वयन गर्नेछ । यसको अध्ययनका लागि १२ लाख ६० हजार रुपैयाँ विनियोजन भएको छ ।

यस्तै खानेपानी तथा ढल व्यवस्थापन कार्यालय कञ्चनपुरले २० करोड रुपैयाँ बजेट पाएको छ । कार्यालयले कैलाली र कञ्चनपुर जिल्लामा योजना कार्यान्वयन गर्नेछ । यस कार्यालयले अध्ययनका लागि ८ लाख ४० हजार रुपैयाँ पाएको छ ।

चालू आवको तुलनामा आगामी आवका लागि खानेपानी तथा सरसफाइतर्फ ३ अर्ब २८ करोड रुपैयाँ बढीले बजेट विनियोजन भएको छ । चालू आवको लागि ३३ अर्ब ८९ करोड रुपैयाँ बजेट विनियोजन भएको थियो । आगामी आवको लागि ३७ अर्ब १७ करोड विनियोजन भएको छ ।

खानेपानी तथा सरसफाइतर्फ सबैभन्दा धेरै बजेट जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाका लागि ४ अर्ब ७३ करोड ९३ लाख रुपैयाँ विनियोजन भएको छ । खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रमका लागि ४ अर्ब ३३ करोड २१ लाख रुपैयाँ, केन्द्रीय खानेपानी आयोजनालाई ३ अर्ब २० करोड ७२ लाख रुपैयाँ, एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई २ अर्ब ३४ करोड १२ लाख रुपैयाँ र काठमाडौं उपत्यका थोक खानेपानी प्रसारण आयोजनाका लागि २ अर्ब २० करोड ४५ लाख रुपैयाँ छुट्याइएको छ ।

मेलम्ची खानेपानी आयोजनाअन्तर्गत दुईवटा बजेट उपशीर्षक छ । जसमा १ अर्ब ४० करोड १६ लाख रुपैयाँ र १ अर्ब ९ रोड ९० लाख रुपैयाँ छ । यसअनुसार खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रमका लागि १ अर्ब २९ करोड ३६ लाख रुपैयाँ विनियोजन भएको छ ।


**योग स्वस्थ जीवनको आधार**

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं ।
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं ।
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं ।
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं ।
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं ।
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं ।
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं ।
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



